**डेङ्गी नियन्त्रणका उपाय**

- लामखुट्टेको वृद्धि विकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने ठाउँ पत्ता लगाइ नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुल्ला भाँडामा पानी जम्न नदिने,
- लामखुट्टेको टोकाइबाट बच्ने उपायहरू अपनाउने ।,
- डेङ्गीका लक्षण देखिए तत्काल स्वास्थ्यकर्मीसँग सल्लाह गरी उपचार गराउने ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily .com



**जनहितमा जारी सन्देश**

- महामारीको रूपमा मङ्कीपक्स आउँदैछ ।
- डेङ्गी र हैजाले पिरलो पारेकै छ ।
- वर्षात्को महीना भएकोले झाडा–पखाला पनि लाग्छ ।

**किनकि;**

- हामी स्वास्थ्य सतर्कताप्रति संवेदनशील छैनौं,
- शहर र सडक सफा राख्न खोज्दैनौं,
- सतर्क बनौं, विभिन्न ब्याधिबाट जोगिन घर–आँगन, सडक र शहर सफा राखौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय



❖ वर्ष ३८ ❖ २०८१ असोज ३० गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 16 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ५४


## पशुपति गौशालाको पक्षमा

# वीरगंजका मारवाडी समुदाय सडकमा

प्रस, वीरगंज, २९ असोज/

वीरगंजमा बसोबास गर्ने मारवाडी समुदायले काठमाडौंस्थित पशुपति गौशाला घटनाको विरोधमा मङ्गलवार विरोध प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय, पर्सामार्फत प्रधानमन्त्रीलाई ज्ञापन बुझाएको छ ।






राणीसती अतिथि सदनबाट निकालिएको र्‍याली नगरपरिक्रमा गरी जिल्ला प्रशासन कार्यालयमा पुगेर ज्ञापन बुझाइएको थियो ।

मारवाडी समाज सेवक सङ्घ, मारवाडी सेवा ट्रस्ट, टिबडेवाला धमार्थ ट्रस्ट, वीरगंज जीतपुर गौशाला, जैन श्वेताम्बर सभा, महेश्वरी समाज वीरगंजको संयुक्त आयोजनामा विरोध र्‍याली निकालिएको थियो ।

मारवाडी सेवा ट्रस्ट वीरगंजका बाबुलाल चाचानले ज्ञापन बुझाउँदै राणाकालमा जुद्ध शम्शेरको कालमा विक्रम संवत् १९९७ देखि मारवाडी समाजले पशुपति गौशालाको जिम्मेवारी वहन गर्दै आएको बताए । उनले बुझाएको ज्ञापनमा ८४ वर्षदेखि मारवाडी समाजको रेखदेखमा रहेको सो स्थानमा समाजका मानिसहरूले नै गौशाला र धर्मशाला निर्माण गरेर सेवा दिंदै आएको उल्लेख छ । ज्ञापनमा पशुपतिनाथको मन्दिरलाई अनवरत् निश्शुल्क दैनिक २९ लिटर दूध, निश्शुल्क शववाहन सेवा, शव कुलिङ गृह, कृत्रिम खुट्टा वितरण, स्वास्थ्य शिविर, शनिवार असहायहरूलाई निश्शुल्क भोजन, डायलासिस र तीर्थयात्रीहरूलाई सहुलियत मूल्यमा आवास र भोजनको व्यवस्था गर्दै आएको उल्लेख छ ।

यसैगरी पछिल्लो समयमा पशुपति विकास कोष र समाजबीचको विवाद २०६० जेठमा अख्तियार, उच्च अदालतपछि सर्वोच्च अदालतसम्म पुगेकोमा २०८० साउन १७ गते कोषले एकतर्फीरूपमा सम्झौता खारेज गरेको विरुद्धमा समाजले साउन २४ गते काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको र सो सम्बन्धमा अदालतले यही असोज १६ गते कोषको हकमा फैसला गरेकोमा सोविरुद्ध उच्चमा जाने अवस्था विद्यमान रहे पनि असोज १७ गतेदेखि घटस्थापना परेर अदालत बिदा भएको र बिदा अवधिमा बन्दी प्रत्यक्षीकरणबाहेकका मुद्दा दर्ता नहुने अवसरको फाइदा उठाएर काठमाडौं महानगरपालिकाले पशुपति धर्मशाला खाली गराएकोमा विज्ञप्तिमा आपत्ति जनाइएको छ । विज्ञप्तिमार्फत प्रधानमन्त्रीलाई यस विषयको गम्भीरतालाई ध्यानमा राख्दै आवश्यक कदम चाल्न आग्रह गरिएको छ । ज्ञापन बुझाउन वीरगंजमा बसोबास गर्दै आएका मारवाडी समुदायको ठूलो सङ्ख्यामा सहभागिता थियो ।

# मितेरी पुलमा गोली चल्यो

प्रस, वीरगंज, २९ असोज/

वीरगंज–रक्सौल पुरानो पुलमा मङ्गलवार दिउँसो भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले गोली चलाएको छ । नेपाली भूभागमा प्रवेश गरेर एसएसबीले दिउँसो गोली फायर गरेपछि सो क्षेत्र एकछिन तनावग्रस्त भएको थियो । नयाँ पक्की पुलको तल पुरानो काठे पुल एरियामा पर्ने नेपाली भूभागमा प्रवेश गरेर एसएसबीले गोली चलाएको एकजना प्रत्यक्षदर्शी महिलाले बताइन् ।

ती महिलाका अनुसार कबाड सङ्कलन गर्ने दुईजना महिला र दुईजना पुरुषलाई भारतीय भूमि अहिर्वाटोलाबाट लखेट्दै आएको एसएसबीका एकजना जवानले उनीहरू नेपाली भूमिमा प्रवेश गरेपछि गोली चलाएका थिए । गोली कसैलाई पनि लागेन र त्यसको खोखा भने नेपाली भूमिमा फेला परेको छ । एसएसबीले गोली चलाएको कुराको सूचना आएको तर आधिकारिक पुष्टि नभएको प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले बताए । उनले घटनास्थलमा नेपाली सुरक्षाकर्मीहरू पुगेर विवरण सङ्कलन गरिरहेको बताए । उनले घटनाको विस्तृत विवरण प्राप्त नभएको जानकारी गराएका छन् ।



# सडकमा निर्माण सामग्री राखेर कालोपत्र गर्दा दुर्घटना बढ्दो

प्रमोद यादव, असोज २९/

बहुदरमाई नगरपालिका–४ का पूर्ववडाध्यक्ष रामरेखा सिंह मङ्गलवार दुर्घटनामा परेर घाइते भएका छन् । उनी सवार मोटरसाइकल सखुवाप्रसौनी गाउँपालिकाको कच्ची सडकमा कालोपत्र बनाउन थन्काएर राखिएको बालुवा, गिट्टीमा परेर अनियन्त्रित भएको र पछाडिबाट आएको अर्को मोटरसाइकलले ठक्कर दिंदा पूर्ववडाध्यक्ष सिंह घाइते भएका हुन् ।

सखुवाप्रसौनी गापाका विभिन्न स्थानमा कच्ची सडक कालोपत्र गर्नका लागि ठेक्का सकार गरेका ठेकेदारहरूको लापरवाहीका कारण सवारी दुर्घटना थुपार्दै आएको छ । यसरी थुपारिएको सामग्रीहरूमा परेर खासगरी मोटरसाइकल दुर्घटना बढेको छ ।

श्रीपुर पंचगावाँदेखि सखुवाप्रसौनीसम्मको करीब डेढ किलोमिटर सडक कालोपत्र गर्नको लागि अनिल निर्माण सेवा मिर्जापुरले रु ८६ लाखमा ठेक्का सकार गरेर काम गर्दैछ । ठेकेदार मनोज कुमारले चाडपर्वमा रोकिएको निर्माण कार्य आजबाट पुनः शुरू भएको बताए । सडकमा ढिस्को बनाएर निर्माण सामग्रीहरू राखिएको कारण अहिले यो सडकखण्ड भएर चार पाङ्ग्रे सवारीसाधनहरूलाई आवतजावतमा निकै समस्या भएको छ कालोपत्र गर्ने काम सम्पन्न गरेर पालिकालाई हस्तान्तरण गरिने बताए ।

सखुवाप्रसौनी गापा–४ मा पनि ठेकेदारले सडक कालोपत्र गर्ने क्रममा बीच सडकमा निर्माण सामग्री थुपारेर काम अलपत्र राख्दा उक्त बाटोमा सञ्चालित सवारीसाधनहरूलाई समस्या भएको छ ।

ओमसाई निर्माण सेवाले यो सडकखण्ड कालोपत्र गर्न रु एक करोड ४७ लाखमा ठेक्का सकारेर काम गर्दै आएको छ । यहाँको ठेकेदारले पनि कालोपत्र निर्माणका लागि आवश्यक सामग्रीहरू बीच सडकमा जथाभावी



बढिरहेको स्थानीय बताउँछन् ।

सखुवाप्रसौनी गापा–२ श्रीपुर पंचगावाँदेखि सखुवाप्रसौनी गाउँसम्म कालोपत्र सडक निर्माण कार्य शुरू छ । अहिले सो क्षेत्रमा कालोपत्र सडक निर्माणका लागि आवश्यक पर्ने बालुवा, गिट्टी ठेकेदार कम्पनीले कच्ची सडकमा राख्दा आवतजावतमा समस्या भएको स्थानीयले बताए । ठेकेदार सन्नी यादवले दशैंका कारण केही दिन काम ठप्प भएको तर अविलम्ब सञ्चालनमा आउने बताए । उनले पनि कात्तिक महीनामा कार्य सम्पन्न गर्ने लक्ष्यका साथ कार्य अगाडि बढिरहेको दाबी गरे ।

भने मोटरसाइकलहरू दुर्घटनाको शिकार भइरहेका स्थानीयहरू बताउँछन् । ठेकेदार मनोजले भने– "दशैंको कारण १० दिनदेखि कामदारहरू नआएर काम रोकिएको छ । बीच सडकमा रहेका सामग्रीलाई ग्रेडरबाट सम्याउने काम शुरू गर्छु ।" उनले आगामी कात्तिकमा

# जङ्गली हात्तीको आक्रमणबाट एकजनाको मृत्यु

जीतलाल श्रेष्ठ, निजगढ, २९ असोज/

बाराको कोल्हवी नगरपालिका–२ वन क्षेत्रमा जङ्गली हात्तीको आक्रमणबाट सोमवार एकजना पुरुरूषको घटनास्थलमैं ज्यान गएको छ । मृत्यु हुनेमा सोही वडाका ६० वर्षीय हस्तबहादुर थोकर रहेको इलाका प्रहरी कार्यालय कोल्हवीले जनाएको छ ।



बिहान करीब ७ बजे घरबाट घाँस, दाउराका लागि तामागढी साझेदारी वन व्यवस्थापन समितिको वन क्षेत्रमा गएका उनलाई जङ्गली हात्तीले सोमवार करीब १० बजे आक्रमण गरेको जनाइएको छ । उनीसँगै गएका अन्य मानिस भने भागेर ज्यान जोगाएका थिए । घटनाको जानकारी पाउना साथ डिभिजन वन कार्यालय सिमरा बाराको टोलीसमेत घटनास्थलमा पुगेको डिभिजनल वन अधिकृत राजीवकुमार झाले जानकारी दिए ।

वन क्षेत्रमा जङ्गली हात्ती, बाघ लगायत वन्यजन्तुको चहलपहल बढेको जानकारी पाएसँगै डिभिजन वन कार्यालय बाराले मातहतका निकायहरूलाई निर्देशन दिई स्थानीय सञ्चार माध्यममार्फत कोही कसैलाई वन क्षेत्रमा प्रवेश नगर्न अनुरोध गर्दै आएको छ ।

केही महीनादेखि तीनवटा जङ्गली हात्तीको एउटा समूह वन क्षेत्र र आसपासका बस्तीमा बालीनाली खान पल्केको स्थानीयले बताएका छन् । तिनैमध्ये असोज ६ गते धानबाली खान आएको लगभग १८ वर्ष उमेरको एउटा हात्ती करेन्ट लागेको अवस्थामा फेला परेको थियो । पर्सा राष्ट्रिय निकुञ्ज विस्तारपछि केही वर्षदेखि जङ्गली हात्ती, पाटे बाघ, चितुवाको चहलपहल डिभिजन बढेको छ ।

# घुमुवा प्रहरी भनेर ठगी गर्ने पक्राउ

प्रस, रौतहट, २९ असोज/

घुमुवा प्रहरी भनेर ठगी गर्दै हिंड्ने एकजना युवकलाई रौतहट प्रहरीले पक्राउ गरेको छ । आफूलाई घुमुवा प्रहरी भनेर विभिन्न व्यक्तिहरूलाई ठगी गरेको आरोपमा परोहा नपा–२ बस्ने ३५ वर्षीय सुनीलकुमार बैठालाई पक्राउ गरिएको जिप्रका, रौतहटले जनाएको छ ।

मोटरसाइकलमा सवार बैठालाई लालबकैया पुलबाट पक्राउ गरिएको हो । उनीबाट केही नगद, लागूऔषध नाइट्रोभेट ट्याब्लेट १० थान र २०० ग्राम गाँजा पनि बरामद भएको प्रहरीले जनाएको छ ।



# सिम्रौनगढ नगरपालिकाबारे छलफल, गोष्ठी

प्रस, सिम्रौनगढ, २९ असोज/

सिम्रौनगढ नगरपालिकाको विषयमा सोमवार समसामयिक गोष्ठी सम्पन्न भएको छ । सिम्रौनगढ नपा–७ स्थित कङ्काली माविमा आयोजित गोष्ठीमा नगरसभापछि कार्यालयमा रकम बाँडफाँडको काम मात्र भएको, विकास निर्माणका काममा ध्यान नदिइएको, भोटका लागि लक्षित गरेर काम भइरहेको, शिक्षा, स्वास्थ्य, कृषि जस्ता विषय प्राथमिकतामा नपरेको र नगरसभापछि भ्रष्टाचार झनै मौलाएको आरोप लाइएको थियो । गोष्ठीमा


(बाँकी अन्तिम पातामा)




**विचारसार र सूक्तिहरू**

**एउटा मूर्ख आफू मात्र मूर्ख हुन्छ । दुईजना मूर्ख दुईजना मात्र मूर्ख हुन्छन् । तर हजारौं मूर्खहरू भएपछि एउटा राजनीतिक पार्टी बन्छ । – फ्रेन्ज काफ्का**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# राष्ट्रसङ्घ चनाखो रहोस्

**इजरायलले लेबनानमा हिजबुल्लाह लक्षित आक्रमण शुरू गरेयता लेबनानमा तैनाथ संयुक्त राष्ट्रसङ्घ शान्ति मिसन युनिफिलमा कार्यरत सेना समस्यामा परेका छन् । दक्षिणी लेबनानमा इजरायली सेनाको हवाई तथा स्थलगत आक्रमणबाट दिनहुँजसो युनिफिलका सेना घाइते भइरहेका छन् । विभिन्न समयमा भइरहेका इजरायली आक्रमणलाई उसले विभिन्न बहाना बनाउँदै टार्दै आएको भए तापनि बितेको आइतवार गरिएको आक्रमण मिचाहा किसिमको र शान्तिका पक्षधरहरूका लागि असहृय प्रकृतिको छ। दक्षिणी लेबनानमा रहेका शान्ति मिसनको आधार शिविरमा इजरायली सेनाको ट्याङ्कले गेट तोडेर भित्र प्रवेश गरी गोलीबारी र ग्रिनेट प्रहार गऱ्यो । यसबाट शिविरमा १५ जना शान्ति सैनिक घाइते भए ।**

**लेबनानमा सन् १९७८ देखि संयुक्त राष्ट्रसङ्घले शान्ति सेना खटाएको छ। त्यस बेला पनि इजरायलले लेबनानमाथि आक्रमण गरेपछि, लेबनानले एउटा स्वतन्त्र सार्वभौमसम्पन्न मुलुकको हैसियतले पाउनुपर्ने अन्तर्राष्ट्रिय कानून अनुसार नै संयुक्त राष्ट्रसङ्घले शान्ति सेना तैनाथ गरेको हो। राष्ट्रसङ्घीय शान्ति सेनाले लितानी नदी र 'ब्लू लाइन' भनेर चिनिने लेबनान र इजरायलबीचको सीमा क्षेत्रमा गस्ती गर्दै आएका छन् । लेबनानमा रहेको संयुक्त राष्ट्र शान्ति मिसनमा नेपाल पनि एक प्रमुख योगदानकर्ता देश हो। हाल लेबनानमा करीब ५० देशका १० हजार युएन शान्ति सैनिक र ८०० जना सर्वसाधारण कर्मचारी तैनाथ छन् । सोमध्ये ८७७ जना नेपाली छन् । शान्ति सैनिक घाइते भइरहँदा अमेरिका, बेलायतसहित ४० राष्ट्रले इजरायलको कडा आलोचना गरेका छन्। इजरायली सेनाको आक्रमणप्रति नेपालले ढिलै भएपनि विरोध जनायो । इजरायलले भने आफ्ना घाइते सेनाको उद्धार गर्ने क्रममा शिविर प्रवेश गरेको भन्दै यस घटनामा पनि बहानाबाजी गरेको छ। जब संयुक्त राष्ट्रसङ्घीय शिविरमाथि नै आक्रमण हुन्छ भने अन्तर्राष्ट्रियस्तरको छानबीन अवश्य नै होला। वास्तविकता पत्ता लाग्ने नै छ। राष्ट्रसङ्घले शान्ति सेना वा उसको शिविरमाथि जानाजान आक्रमण गरेको ठहर भएमा अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन ठहर हुनेछ।**

**इजरायलले शान्ति सेनामाथि अनजानवश आक्रमण गरेको भन्ने कुरामा शङ्का छ। पहिलो कुरा, शान्ति सेनाको तैनाथीमा नै इजरायलको चित्त बुझेको थिएन । संयुक्त राष्ट्रसङ्घले हस्तक्षेप नगरेको भए उसले आजभन्दा साढे चार दशक पहिले नै लेबनान नामेट पार्न चाहेको थियो । अहिले पनि पटकपटक उसले शान्ति सेना त्यहाँबाट हटाउन आग्रह गरिरहेको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई औपचारिकरूपमा शान्ति सेना हटाउन आग्रह गरेको केही घण्टामा नै आक्रमण भएको हो। शान्ति सेनालाई हिजबुल्लाह समूहले मानव ढालको रूपमा प्रयोग गरेको इजरायलको आरोप छ । इजरायललाई समर्थन गरिरहेका अमेरिका, दक्षिण कोरिया, बेलायतलगायतका मुलुक शान्ति सेनामा सहभागी छैनन् । उसको विरोधी पक्ष चीन, रूसलगायतका मुलुक भने समावेश छन् । आक्रमणविरुद्ध वक्तव्यबाजी गर्नु अमेरिकाको चाल हो । शान्ति सेनामाथि आक्रमणको खतरा समाप्त भएको छैन । संयुक्त राष्ट्रसङ्घ र शान्ति मिसनमा सहभागी मुलुकहरू सचेत हुनुपर्ने बेला आइसकेको छ। सकिन्छ भने इजरायललाई कडा चेतावनी दिनुपर्छ, सकिँदैन भने टाढ अडाएर बसेर मानवीय क्षति हुन दिनु पनि हुँदैन।**

# अनुभूति : दशैं २०८१

नेपालको मौसम विभागले यस वर्ष लगातार औसतभन्दा बढी पानी पर्ने भविष्यवाणी गर्दै आएको थियो । तर प्रधानमन्त्रीले भने अनुसार कहाँ–कहाँ पहिरो जान्छ नभनेकोले पहिरो गइसकेपछि ठाउँ थाहा पाएर उद्धार सामग्री पुऱ्याउन समय लाग्ने नै भयो भन्ने कुरा मननयोग्य छ । त्यसैले अब यात्रा गर्दा बरु प्रधानमन्त्रीको अर्तीलाई आत्मसात् गर्दै सके झरीको बेला यात्रा नगर्नु, गर्नैपरे राति नगर्ने, त्यो पनि टार्न नसके दुर्घटना बीमा गराउनुका साथै ५–७ दिन पुग्ने खानपिनको सामान र सके एउटा टेन्ट पनि साथ लिएर हिंड्ने बानी बसाल्नुपर्ने देखिन्छ । यसो गर्न सकेमा सरकारमाथि उद्धारको भार थोरै पर्ने र त्यस कारणले बेलैमा प्रभावकारी उद्धार गर्न सकिन्छ । यसपालिलाई भने यस्तो हो, विश्व बैंकले १५० मिलियन अमेरिकी डलर ऋण दिने भएकोले अर्को दशैंसम्मको खर्च–वर्चको चिन्ता लिनै परेन। त्यसै पनि यस्तो पहिरो गएर ज्यान जाँदासमेत त २ खर्बको दशैं मनाइयो भने यत्रो सहयोग र ऋण उपलब्ध भएपछि त कति हो कति ? जे होस् शुरूमा ढिलासुस्ती भए पनि पछि आएर सुरक्षा जवान तथा सडक विभागसमेतको संलग्नतामा विपी राजमार्गबाहेक अन्य सबै राजमार्गहरू दशैं अगावै खुलाउन सकिएकोमा उद्धारमा संलग्न सबैको प्रशंसा गर्नैपर्छ । तर एउटा सिको यात्रु तथा सरकारलाई के पनि हो भने हाम्रो पहाडी भूभागमा वर्षायाम शुरू भएपछि रात्रिबस सञ्चालमा समय परिवर्तन गरी वा झरी नै परिहेको अवस्थामा रोक लगाउनुपर्नेछ ।

दशैं घटस्थापनाबाट शुरू हुन्छ र भयो पनि। तर त्यस क्रममा खासगरी आफ्नै शहर वीरगंजमा ठाउँ–ठाउँबाट निकालिएको कलशयात्रा र त्यसमा महिला सहभागिता देख्दा मन अत्यन्तै हर्षित भयो । अब हाम्रा महिलाहरू यति बिघ्न सचेत देखिएकाले थोरै प्रयासबाट महिलाहरूमा माता सीताको सोच र पुरुषहरूमा मर्यादा पुरुषोत्तम रामको आदर्श, व्यावहारिकरूपमा उतार्न सम्बन्धित संस्थाहरूले थोरैमात्र प्रयास गरे देश र मधेसको उद्धार एवं विकासमा कोसेढुङ्गा थपिने मलाई विश्वास लागेको छ । कलशयात्रामा सहभागी दिदीबहिनीहरूलाई सानातिना तर उत्पादनशील सीप सिकाएर आत्मनिर्भर बनाउनेतिर लाग्दा झन् सुनमा सुगन्ध हुने देखिन्छ । यो त वीरगंजमा महिला सहभागिताको उर्लंदो भेल देखेर लेखेको हुँ, नेपालको अन्य भागमा के अवस्था छ, त्यो थाहा छैन ।

पूजा अवधिभर ध्वनि प्रदूषणको कुरा उठेको छ, त्यो जायज भए पनि व्यावहारिक छैन । वीरगंजमा ध्वनि प्रदूषण छ कि छैन त्यसको आधिकारिक अध्ययन भए/नभएको मलाई थाहा छैन। तर आफ्नो बाल्यकालदेखि नै हिन्दू मन्दिरहरूमा दशैंको बेला लाउडस्पीकर लगाएर भजन–कीर्तन गर्ने गरेको र मस्जितमा सधैं बिहान ४ बजेदेखि नै लाउड स्पीकर बज्ने गरेको भने थाहा छ। यो परम्परा अझै कायम छ । बिहाबारीमा यदाकदा बाजागाजा बजाउँदा प्रहरीले हस्तक्षेप गरेको देखेसुनेको हुँ तर ट्राफिक प्रहरीले साइलेन्सर खोलेर गाडी चलाएकोमा रोकटोक गरेको वा गाडीले सेतो धूवाँको मुस्लो नै छाडेर कुदेको देखेर पनि रोकटोक गरेको थाहा छैन । त्यसैले ध्वनि प्रदूषणको कुरा गर्दा सबै क्षेत्रमा विचार पुऱ्याउन जति आवश्यक छ, वीरगंजमा ध्वनि प्रदूषणको स्तरको अध्ययन पनि त्यतिकै जरुरी छ । हाम्रो कानून पनि घण्टाघरको पहेंलो बत्तीजस्तै भएकोले यसतर्फ ध्यान जाओस् भन्न खोजिएको हो ।

अब फेरि देशतर्फ फर्कौं । ६ प्रतिशतको आर्थिक वृद्धिदर प्रस्ताव गरेको सरकारले ठूलो बाढी पहिरो गएका कारण प्रभाव पर्ने भनेपछि दूधको साक्षी बिरालने भएसरह नै सरकारमा खुशी थपिएको हुनुपर्छ। आन्तरिक अर्थतन्त्रमा सुधार हुने सङ्केत पर्वहरू सकिएसँगै सकिने लगभग तय नै छ। बैंकबाट ऋण प्रवाह बढेकोले सुधार भयो भन्ने हो भने कोभिडकालपश्चात् जब कर्जाहरूको अध्ययन भयो तब थाहा भयो उत्पादनशील क्षेत्रमा ४–५ प्रतिशत र कृषिमा १ प्रतिशत भन्दा लगानी बढेको छैन बरु बैंकहरूको लगानी रियल स्टेटमा मनग्गे गएको छ। त्यसैगरी अहिले बाहिरिइरहेको ऋणको प्रयोग पुरानो ऋणको भुक्तानी वा त्यस्तै कुनै क्षेत्रमा उपयोग हुनेगरी बैंकिङ क्षेत्र प्रयोग भइरहेकोतर्फ सचेत हुन आवश्यक छ । नेपालको आन्तरिक अर्थतन्त्रमा जबसम्म यहाँका उद्योगहरूको कुल गार्हस्थ्य उत्पादनमा योगदान १०–१५ प्रतिशतसम्म जाँदैन र तलब सुविधामा समेत सुधार गरी उद्योगहरूको क्षमता उपयोग ८०–८५ प्रतिशत पुग्दैन तबसम्म युवा पलायन नरोकिने र यो वर्ग नै आफूमाथि सबैभन्दा बढी खर्च गर्ने वर्ग भएकोले आन्तरिक अर्थतन्त्रमा सामान्य परिवर्तनभन्दा बढीको अपेक्षा राख्नु मृगतृष्णा सरह हुनेछ ।

नेपालमा रहेको जनसङ्ख्याको हातमा रकम पुऱ्याउने विद्युत् उत्पादन एवं निर्यात बढाउने गरी काम हुनेपर्ने र भइ पनि रहेकोमा वर्तमान सरकारले गर्न खोजेको चलखेल सरकारका लागि नै प्रत्युत्पादक हुन सक्ने देखिन्छ। दोस्रो अन्वेषण क्रममा रहेको पेट्रोलियम तथा फलाम खानीको उत्पादन जति सकिन्छ छिटो गर्न सके देशको व्यापार घाटा कम हुने र प्रतिव्यक्ति आयसमेत बढ्नाले थप सुधारको अपेक्षा गर्न सकिन्छ ।

**स्वतन्त्र विचार**



**विनोद गुप्ता**

**पहाडमा जलविद्युत् आयोजना बनाउँदा पहुँचमार्ग, ढुवानीको दुर्गमता र असुविधाले लागत बढ्न जाने भई सस्तोमा बिजुली उत्पादन सम्भव छैन । मधेसका १९ जिल्लामा सडकको पहुँच रहेकोले बहुप्रयोग नीति अन्तर्गत सरकारले सौर्य ऊर्जा उत्पादन गर्ने योजना बनाउन सक्नुपर्छ ।**

देशको अन्नको भण्डार मानिएको तराई–मधेसमा अझै ३५–४० प्रतिशत कृषियोग्य भूमि असिञ्चित रहनु र कृषकहरूले समयमैं र आवश्यक मात्रामा मलसमेत नपाउनाले अत्पादकत्व घट्न गई पर्याप्त आर्थिक लाभ लिन सकेका छैनन् । यसका लागि नेपालमा मल उत्पादन गर्न चाहिने पानीको कमी छैन तर बिजुली महँगो पर्ने भएकोले बनाउन नसकिएको तर्क पटकपटक सुन्नमा आए पनि आधिकारिकरूपमा सरकारको धारणा बाहिर आउन सकेको छैन। तर पहाडमा निर्माण हुने जलविद्युत् आयोजनाहरू पहुँचमार्ग निर्माण, ढुवानीको दुर्गमता र असुविधाले पनि लागत बढ्न जाने भई सस्तोमा बिजुली उत्पादन गर्न नसकिने सन्दर्भमा सरकारले अब मधेस प्रदेशलगायत तराई क्षेत्रका १९ जिल्लामा सडकको पहुँच रहेकोले बहुप्रयोग नीति अन्तर्गत सौर्य ऊर्जा उत्पादन गर्ने योजना बनाउन सकेमा यसले अप्ठ्यारो बेलामा केन्द्रीय प्रणालीमा समेत सहयोग पुऱ्याउनेगरी मलका कारखानाको लागि कोशी, बागमती, नारायणीलगायत पश्चिममा समेत डठूला नदीहरू तराई क्षेत्रबाट नै बग्ने भएकाले सौर्य–ऊर्जाबाट मल खासगरी युरिया त पक्कै उत्पादन गर्न सकिने छ ।

यो सोच हो, यसलाई कार्यरूपमा परिणत गर्न आवश्यक अध्ययन गर्न सरकारलाई अघि बढ्न माता दुर्गाभवानीले उत्प्रेरणा प्रदान गरून् भनेर प्रार्थनाबाहेक मसँग अर्को विकल्प देखिन्न। माता दुर्गाभवानीले हामीलाई यस्तो काम गर्ने बुद्धि र विवेक प्रदान गरून् भन्ने प्रार्थना गर्दछु ।

# 'जटिल डेङ्गी' निम्त्याउन सक्ने पूर्वसङ्केतहरू

बिदाको दिन सामान्यतया म तरकारी किन्न जाने गर्छु। अनि फर्कंदा सार्वजनिक गाडी/बसमा फर्कने गर्दछु । केही दिन अगाडि मेरो ठीक पछाडिको सिटमा एक जोडी ज्वरो अनि टाउको/जीउ असाध्य दुखेको, खानामा अरुचि भएको भन्दै कुरा गर्दै थिए । अर्कोले भन्दै थियो शायद डेङ्गी पो हो कि ? भोलि चिकित्सकसँग परामर्श गरेर रगत जाँच गराउनुपर्ला– बिरामीले भन्दै थिए। त्यस्तै अस्ति बिहानै कोठाको झ्यालबाहिर दुई व्यक्ति (शायद बिहानी हिंडाइमा थिए) ज्वरो अनि जीउ दुखेको भन्दै डेङ्गी लागेको शङ्का गर्दै थिए । यसबाट हाल समुदायमा डेङ्गी फैलिएको देखिन्छ ।

डेङ्गी सुरूवा रोग हैन, तर यो लामखुट्टेको टोकाइबाट सर्ने र फैलने गर्छ। डेङ्गी रोगका लक्षणबारे चर्चा हुने गरेको देखिए तापनि अधिकांश सङ्क्रमितहरू लक्षण बाकेर नै कार्यक्षेत्रमा खटिरहेका पनि देखिन्छन् । कतिपय भने घरमा नै आराम गरेर स्वास्थलाभ गरिरहेका अवस्था छ । डेङ्गीका लक्षणबारे धेरै सुनेको र व्यापक प्रचार भएको पनि देखिन्छ तर जटिलता निम्त्याउन सक्ने सङ्केतबारे भने कमैलाई थाहा भएको देखिन्छ । सन् २०२२ मा अधिकांश डेङ्गीबाट मृत्यु भएकाहरू भर्ना हुँदा नै जटिल डेङ्गी लिएर आएका तथ्याङ्क देखिन्छ तर हामीले विगतमा देखिएका कमीकमजोरीबाट सिकेर आगामी दिनमा डेङ्गीका कारण हुने मृत्युदर घटाउने कोशिश गर्नुपर्दछ । यसर्थ डेङ्गी मृत्युदर वा जटिलता घटाउने एक मुख्य उपायमध्ये 'जटिल डेङ्गी' का पूर्वसङ्केतबारे थाहा पाउनु आवश्यक छ ।

अधिकांश डेङ्गी सङ्क्रमितमा शुरूमा 'फेब्राइल फेज' देखिने गर्दछ । यसमा मुख्यतया टाउको दुख्ने, जीउ दुख्ने, जोर्नी वा मांसपेशी दुख्ने र खाना खान पटक्कै मन नलाग्ने हुन्छ। त्यस्तै ज्वरो आउने, आँखाको गेडी दुख्ने वा खस्लाजस्तो हुने, शरीरमा ससाना राता बिमिराहरू देखिने, पखाला लाग्नेजस्ता समस्या पनि देखिने गर्दछ। कतिपयलाई खोकी पनि लागेको देखिन्छ । तर खोकी डेङ्गीको कारणले हो वा फ्लू भाइरसले गर्दा हो भनेर छुट्याउने गरेको देखिंदैन । वास्तवमा हाल फ्लूको सिजन पनि हो भने कोभिडको सङ्क्रमण पनि सँगसँगै देखिएको छ । 'फेब्राइल फेज' औसतमा झन्डै आठदेखि १० दिनमा देखिने गर्दछ। ज्वरो घटेको २४ देखि ४८ घण्टा बिरामीमा 'जटिल डेङ्गी' देखिन सक्ने सम्भावना प्रबल रहन्छ ।

**जटिल डेङ्गीका पूर्वसङ्केतहरू के के हुन् त ?**

***तारन्तार बान्ता हुनु, असाध्य पेट दुख्नु, नाक वा गिजाबाट रगत बग्नु, बेचैनी हुनु वा अत्यन्त कमजोर हुनु आदि।***

माथि उल्लिखित लक्षण वा सङ्केतहरू घरमा सङ्क्रमित भएर बसिरहेको बेला देखिन वा थाहा पाउन सकिन्छ। तसर्थ, यस्ता सङ्केत देखिए तुरुन्त स्वास्थ्य केन्द्र वा अस्पताल जानुपर्छ। अस्पतालमा जाँच गर्दा थप सङ्केतहरू देखिने गर्दछ । परीक्षणबाट कलेजोको आकार बढेको वा सुन्निएको तथा छाती वा पेटमा पानी भए/नभएको थाहा हुन्छ । रगत जाँच गर्दा प्लेटलेट्स तीव्र गतिमा घट्नु र हेमाटोकृत बढेको देखिन्छ । डेङ्गीको सङ्क्रमण भएको बिरामीलाई कमजोरी अनुभव हुन्छ । डेङ्गी लागेपछि रगतमा प्लेटलेट्सको सङ्ख्या तीव्ररूपमा घट्न थाल्छ । यस्तो अवस्थामा औषधिका साथसाथै खानपान र सही दिनचर्या आवश्यक हुन्छ ।

सन् २०२२ सालमा काठमाडौंमा देखिएको डेङ्गी प्रकोपले सबैभन्दा धेरै मानिसको ज्यान लिएको थियो । यो प्रकोपलाई कोभिड–१९ को घातक लहरभन्दा खासै फरक महसूस नगरे वा तुलना गरिएको थियो । काठमाडौंका लागि सन् २०१९ पछिको दोस्रो ठूलो प्रकोप (धेरैलाई अस्पताल आउनुपर्ने बाध्यता गराएको कारण) थियो। अनि नेपालको इतिहासमा नै 'घातक डेङ्गी' वर्षका रूपमा मैले सन् २०२२ लाई लिएको थिएँ । यसमा विशेषतः ज्येष्ठ नागरिक अनि दीर्घरोगीहरू जस्तै उच्चरक्त चाप, मधुमेह र श्वास–प्रश्वासको सङ्क्रमण भएका व्यक्तिहरूको डेङ्गीको जटिलताबाट बढी मरेका थिए । मनसुनको समयमा डेङ्गी सँगसँगै देखिने अरू सङ्क्रामक रोगहरूले डेङ्गीको लक्षणलाई थप जटिल बनाउन सहयोगी भूमिका खेल्ने विभिन्न अध्ययनहरूको नतीजाले देखाएको छ।

नेपालमा डेङ्गी सँगसँगै चिकुनगुनिया भाइरस, स्क्रब टाइफस, फ्लूजस्ता थप सङ्क्रमणहरू फैलने गर्दछ। यसर्थ ज्येष्ठ नागरिक, सह–सङ्क्रमित वा उच्च रक्तचाप, मधुमेह र श्वास–प्रश्वास (दीर्घ वा हालै सङ्क्रमित भएको अवस्था) समस्या भएका व्यक्तिहरूले 'जटिल डेङ्गी' का पूर्वसङ्केतलाई कुर्ने वा देखिनु नै पर्छ भन्ने छैन । यस्तो अवस्थामा चिकित्सकको निरन्तर सम्पर्कमा रही स्वास्थ्य अवस्थाबारे जानकारी लिनु अति बुद्धिमानी हुनेछ। डेङ्गीबाट बच्नु भनेको यस्ता लामखुट्टेको टोकाइबाट बच्नु नै

(बाँकी तेस्रो पातामा)

**विचार**



**डा शेरबहादुर पुन**

**चाडपर्वमा मान्छेहरू यसको लक्षणलाई नजरअन्दाज गर्दै आउजाउ, भेटघाट गरिरहेका छन् । किनभने डेङ्गीको सामान्य लक्षण आम समस्यासँग मिल्दोजुल्दो हुन्छ । यस्तो अवस्थामा मान्छेहरू सामान्य समस्या ठानेर आफूखुशी औषधिसमेत खाँदै हिंड्डुल गरिरहेका हुन्छन् । समस्या जटिल नबनेसम्म अस्पताल पुग्दैनन् ।**

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# विश्वव्यापी सार्वजनिक ऋण यस वर्ष १०० ट्रिलियन डलर पुग्ने अनुमान

वाशिङ्टन, २९ असोज/एएफपी

आइएमएफले धेरै देशका लागि वित्तीय अवस्था 'अपेक्षाभन्दा खराब' हुन सक्ने चेतावनी दिँदै मङ्गलवार विश्वव्यापी सार्वजनिक ऋण यस वर्ष १०० ट्रिलियन डलर पुग्न सक्ने चेतावनी दिएको छ।

वित्तीय नीति सम्बन्धी पछिल्लो प्रतिवेदनमा आइएमएफले यस वर्ष विश्वव्यापी सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ९३ प्रतिशत र सन् २०३० सम्म जिडिपीको १०० प्रतिशत पुग्ने अपेक्षा गरेको छ। यो तथ्याङ्क कोभिड–१९ महामारी आउनु भन्दा पहिलेको तुलनामा १० प्रतिशतले बढी हो।

विश्वव्यापी सार्वजनिक ऋण उच्च भएको आइएमएफको 'फिस्कल अफेयर्स डिपार्टमेन्ट'का उपनिर्देशक एरा डाब्ला–नोरिसले प्रतिवेदन प्रकाशन हुनु अघि पत्रकार समक्ष बताएका हुन्।

ऋणको बोझ अपेक्षाभन्दा बढी हुने धेरै कारण भएको बताउँदै उनले जलवायु परिवर्तन, अत्यधिक आशावादी ऋण अनुमान तथा ठूलो मात्रामा अज्ञात ऋणको सम्भावनाजस्ता सवाललाई सम्बोधन गर्न हालको खर्च सन्तुलित नरहेको उल्लेख गरेका छन्।

त्यसैले सन्तुलन कायम गरी ऋणको बोझ घटाउन देशहरूले आफ्नो वित्तीय व्यवस्थापन मजबूत बनाउनुपर्ने समय आएको उनले बताएका छन्।

आइएमएफको प्रतिवेदनले ऋण अनुमानको जोखिम मूल्याङ्कन गर्न नयाँ 'ऋणमा–जोखिम' दृष्टिकोण प्रस्तुत गरेको छ।

प्रतिवेदनमा खराब अवस्थामा, विश्वव्यापी सार्वजनिक ऋण सन् २०२६ सम्म जिडिपीको ११५ प्रतिशत पुग्न सक्ने अनुमान गरिएको छ। यो तथ्याङ्क कोषको आधारभूत अनुमानभन्दा लगभग २० प्रतिशत बढी हो।

प्रतिवेदनले विश्वव्यापी कारकहरूले देशहरूमा सरकारी उधारो लागतमा बढ्दो उतार चढाव निम्त्याउने जनाउँदै ऋणको उच्च स्तरले अरूका लागि 'सार्वभौम उत्पादन र ऋण जोखिमको अस्थिरता बढाउने चेतावनी दिएको छ।

अर्थव्यवस्थामा मध्यम मुद्रास्फीति र ब्याज दर कटौतीको अर्थ देशले आफ्नो वित्तीय व्यवस्थापन पुनर्निर्माण गर्ने 'उपयुक्त' समय भएको आइएमएफले जनाएको छ।

विश्वव्यापी सार्वजनिक ऋण नियन्त्रणमा ल्याउन वित्तीय समायोजनको आकार जिडिपीको औसतमा ३–४.५ प्रतिशतको बीचमा रहन आवश्यक रहेको आइएमएफले जनाएको छ जुन विगतका समायोजनहरूको आकारभन्दा लगभग दोब्बर हो। रासस

# लेबनानमा इजरायली आक्रमण तीव्र

बेरुत, लेबनान, २९ असोज/एएफपी

इजरायली सेनाले मङ्गलवार पूर्वी लेबनानमा आक्रमण शुरू गरेको लेबनानको आधिकारिक सञ्चारमाध्यमले जनाएको छ।

प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले हिजबुल्लाहप्रति कुनै दया नगर्ने वाचा गरेपछि दुई समुहबीच द्वन्द्व चर्किएको हो।

प्रधानमन्त्रीको प्रतिज्ञा इरान समर्थित लेबनानी समूहले इजरायली आधारमा गरेको ड्रोन हमलामा चार सैनिक मारिएको एक दिनपछि आएको हो।

"हामी बेरुतसहित लेबनानका सबै भागमा हिजबुल्लाहमाथि आक्रमण जारी राख्नेछौं"–हाइफाको दक्षिणमा बिन्यामिना नजीकैको आधार भ्रमणका क्रममा नेतान्याहूले भने।

हिजबुल्लाहले मङ्गलवार रब त्लातिन गाउँको बाहिरी भागमा हस्तक्षेप गर्न खोजिरहेका इजरायली सेनासँग झडप भएको जानकारी गराएको छ।

इजरायलले गत महीना सीमापार भूमिमा सेना पठाउनु अघि लेबनानमा बम आक्रमण बढाएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयको तथ्याङ्क अनुसार युद्धमा कम्तीमा एक हजार ३१५ जनाको मृत्यु भएको छ।

लेबनानको आधिकारिक राष्ट्रिय समाचार एजेन्सी (एनएनए)ले रिपोर्ट गरे अनुसार इजरायलले मङ्गलवार बिहान पूर्वी बेका उपत्यकामा तीव्र हवाई आक्रमण गरेको हो।

रेडक्रसको अन्तर्राष्ट्रिय समितिका क्षेत्रीय निर्देशक, निकोलस भोन आर्क्सले सोमवार एम्बुलेन्स र अन्य स्वास्थ्य सुविधा र कर्मचारीहरूको सुरक्षाका लागि आग्रह गर्दै उनीहरूमाथि भएको आक्रमणलाई 'चिन्ताजनक' बताए।

इजरायली आक्रमणले हिजबुल्लाहको गढ साथै लेबनानका अन्य भाग लक्षित आक्रमण शुरू गरेको छ, जसमा उत्तरी इसाईबहुल गाउँ पनि समावेश छ, जहाँ सोमवार कम्तीमा २१ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

दक्षिणी सीमावर्ती शहर मर्जायुनका नागरिक सुरक्षा प्रमुख अनिस अबलाले उद्धारकर्ताहरू 'थकित' भएको बताए। "निरन्तर आक्रमणले हाम्रा उद्धार अभियान झन्झन् कठिन हुँदै गइरहेको छ"–उनले भने।

लेबनानको स्वास्थ्य मन्त्रालयले गत हप्ता मध्य बेरुतमा भएको इजरायली आक्रमणमा कम्तीमा २२ जनाको ज्यान गएको जानकारी दिएको छ।

आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठनको गत हप्ताको प्रमाणित तथ्याङ्क अनुसार लेबनानको युद्धले कम्तीमा छ लाख ९० हजार मानिस विस्थापित भएका छन्। रासस

# रूसलाई हतियार सहयोगको आरोपमा इरानमाथि प्रतिबन्ध

लक्सेम्बर्ग, २९ असोज/एएफपी

युरोपेली आयोगले सोमवार युक्रेनविरुद्ध प्रयोग गर्न रूसलाई क्षेप्यास्त्र र ड्रोन हस्तान्तरण गरेको आरोपमा प्रमुख इरानी अधिकारी र एयरलाइन्ससहितका संस्थाहरूविरुद्ध प्रतिबन्ध लगाएको छ।

युरोपेली आयोगका विदेशमन्त्रीले इरान एयरलगायत सात संस्थाहरू र उप–रक्षामन्त्री सैयद हम्जेह घलान्डारी र रिभोलुशनरी गार्ड्स कुद्स फोर्सका वरिष्ठ अधिकारीहरूसहित सातजनामाथि प्रतिबन्ध लगाएको छ।

प्रमुख युरोपेली शक्तिहरू बेलायत, फ्रान्स र जर्मनीले गत महीना रूसमा इरानी क्षेप्यास्त्र हस्तान्तरणलाई लिएर यस्तै प्रतिबन्ध जारी गरेका थिए।

युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनले सम्पूर्ण ब्लकले लगाएको प्रतिबन्धको स्वागत गर्दै भनिन्–"युक्रेन विरुद्ध रूसको आक्रामक युद्धलाई इरानी शासनको समर्थन अस्वीकार्य छ र यो बन्द हुनुपर्छ।"

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले प्रतिबन्धलाई 'अन्यायपूर्ण र अन्तर्राष्ट्रिय कानून विपरीत' भन्दै अस्वीकार गरेका छन्। उनले रूसलगायत अन्य देशसँग रक्षा र सैन्य सहयोग गर्ने इरानको अपरिहार्य अधिकारमा जोड दिएको इरानको आधिकारिक समाचार एजेन्सी इरनाले जनाएको छ।

इरानको कट्टर प्रतिद्वन्द्वी इजरायलले पनि आयोगको यस कदमको प्रशंसा गरेको छ।

त्यसैगरी प्रतिबन्धले रकेट र मिसाइल प्रक्षेपण गर्न प्रयोग हुने प्रणोदक उत्पादनमा संलग्न दुई कम्पनीलाई पनि लक्षित गरेको छ।

इरानले भने युक्रेनविरुद्ध प्रयोग गर्न रूसलाई क्षेप्यास्त्र हस्तान्तरण गरेको पश्चिमी आरोपलाई अस्वीकार गरेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – बेचैनी | वृष – मनोरञ्जन |
| मिथुन – सफलता | कर्कट – प्रगति |
| सिंह – वादविवाद | कन्या – यात्रालाभ |
| तुला – कडापरिश्रम | वृश्चिक – ज्ञानोदय |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – धनलाभ | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**बन्जीजम्प गर्दै युवती:** पर्वतको सदरमुकाम कुश्माबजार र बागलुङको बलेवा जोड्ने गरी बनाइएको बन्जीजम्पबाट हाम फालेर बन्जी गर्दै एक युवती। पछिल्लो समय यहाँ बन्जी र स्वीङ गर्ने पर्यटकहरूको सङ्ख्या बढ्दै गएको छ। तस्बिर : लक्ष्मीप्रसाद सापकोटा/रासस

# चीसो बढ्दै, आवश्यक सतर्कता अपनाउन अनुरोध

काठमाडौं, २९ असोज/रासस

देशमा अहिले मनसुन बाहिरिएर 'पोस्ट' मनसुन चलिरहेको छ। सँगसँगै पछिल्ला दिनमा पश्चिमी वायुका साथै स्थानीय वायुको प्रभावले मुलुकका कतिपय स्थानमा बदली र वर्षा भइरहेको छ। मनसुन सकिएर पोस्ट मनसुन चलिरहेकोले क्रमशः चीसो बढ्दै गएको मौसमविद्ले बताएका छन्। यही असोज ११ र १२ गतेको अविरल वर्षापछि मौसममा सुधार आएको छ।

यही असोज २७ गते नेपालबाट मनसुन पूर्णरूपमा बाहिरिएको छ। खुला आकाश भएकोले दिउँसो घाम लागे पनि साँझ र बिहान चीसो महसूस हुन थालेको छ। सङ्घीय राजधानी काठमाडौं उपत्यकामा पछिल्लो एक सातामा चिसो क्रमिकरूपमा बढिरहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका मौसमविद् सञ्जीव अधिकारीका अनुसार यही असोज १५ गते काठमाडौंको न्यूनतम तापक्रम २० डिग्री सेल्सियस हाराहारी रहेकोमा त्यसको एक सातापछि अर्थात् हिजो र आज न्यूनतम तापक्रम १६ डिग्री हाराहारी कायम रहेको छ। "काठमाडौंमा निरन्तर चीसो बढिरहेको छ"–मौसमविद् अधिकारीले भने–"पछिल्लो १५ दिनमा तापक्रम बिस्तारै घट्दै गइरहेको छ।"


महाशाखाको विवरणमा आइतवार काठमाडौंको न्यूनतम तापक्रम १४.७ डिग्री सेल्सियस पुगेको थियो र सोमवार १६ डिग्री। काठमाडौंसहित देशका अधिकांश स्थानमा तापक्रम घटेको छ। मौसमविद् अधिकारीले दुई सातामा ५ डिग्री तापक्रम घट्नुले चीसो बढेको बताए। पोस्ट मनसुनपछि चीसो मौसम शुरू हुने भएकोले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ।

लुम्बिनी, सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशमा पश्चिमी वायुको प्रभाव सामान्य र कोशी प्रदेश, मधेस र बाग्मती प्रदेशमा आंशिक प्रभाव पर्नुका साथै स्थानीय वायुको पनि आंशिक प्रभाव रहेको महाशाखाले जनाएको छ।

# ३१ दशमलव ४८ अङ्कले बढ्यो नेप्से

काठमाडौं, २९ असोज/रासस

दशैं बिदापछि खुलेको शेयर बजारमा मङ्गलवार नेप्से परिसूचक ३१ दशमलव ४८ अङ्कले बढेर दुई हजार ६९९ दशमलव ६६ बिन्दुमा पुगेको छ। आज ३०७ कम्पनीका ६४ लाख १७ हजार २६७ कित्ता शेयर रु तीन अर्ब ६ करोड २३ लाख ३७ हजारमा कारोबार भएको नेप्सेले जनाएको छ।



आज २०५ कम्पनीका शेयर मूल्य बढेका छन् भने २२ कम्पनीका घटेका छन्। जानकी फाइनान्स कम्पनी लिमिटेड र मिथिला लघुवित्त वित्तीय संस्थाका लगानीकर्ताले सर्वाधिक १०/१० प्रतिशत कमाएका छन्। यस्तै, मल्टिप्रपोज फाइनान्स कम्पनीका लगानीकर्ताले नौ दशमलव ३२, समृद्धि फाइनान्स कम्पनी छ दशमलव ८४, एनआइबिएल समृद्धि फन्ड–२ का शेयरधनीले छ दशमलव ७४ प्रतिशत कमाएका छन्।

मध्य सोलु जलविद्युत् कम्पनीका लगानीकर्ताले १०, युनाइटेड मोदी जलविद्युत् कम्पनीका पाँच दशमलव २५, युनिलिभर नेपाल लिमिटेड तीन दशमलव ८५, सामुदायिक लघुवित्त वित्तीय संस्था तीन दशमलव ६२ र एनआइसी एशिया सेलेक्ट फन्ड–३० का शेयरधनीले तीन दशमलव १९ प्रतिशतले घाटा बेहोरेका छन्।

### भदौमा ...

क्षेत्रको यस्तो मु□ास्फीति क्रमशः ९ दशमलव ८३ प्रतिशत, सात दशमलव ०३ प्रतिशत, आठ दशमलव ०९ प्रतिशत र ११ दशमलव ३२ प्रतिशत रहेका थिए।

यस वर्षको भदौमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दुई दशमलव ७५ प्रतिशत रहेको छ। गत वर्षको सोही महीनामा यस्तो मुद्रास्फीति चार दशमलव ७८ प्रतिशत रहेको थियो। समीक्षा महीनामा उपभोग्य वस्तु मध्यवर्ती वस्तु र पूँजीगत वस्तुको वार्षिक बिन्दुगत थोक मुद्रास्फीति क्रमशः एक दशमलव ३९ प्रतिशत, तीन दशमलव ५६ प्रतिशत र दुई दशमलव ७७ प्रतिशत रहेका छन्। समीक्षा महीनामा निर्माण सामग्रीको थोक मुद्रास्फीति चार दशमलव २२ प्रतिशतले घटेको छ।

### जटिल डेङ्गी ...

हो। किनभने यसको टोकाइ एवं सङ्क्रमण निकै घातक हुन सक्छ।

दशैं अगाडि डेङ्गीले गति लिंदै गइरहेको अवस्था थियो। दशैंलगत्तै अस्पतालमा जाँदा डेङ्गी पुष्टि भएका बिरामीहरूको सङ्ख्या अझ बढ्दै गइरहेको पाइएको छ। यसबाट दिनमा नै दर्जनौं डेङ्गी भाइरस पुष्टि हुने क्रमले निरन्तरता पाइरहेको अवस्था देखिन्छ। हुनत काठमाडौं मात्र नभई देशका विभिन्न ठाउँमा डेङ्गीले व्यापक प्रभाव पारेको जानकारी आउने क्रम जारी छ। डेङ्गीको यो रफ्तारमा सम्भवतः तत्काल रोकिने सम्भावना अत्यन्त न्यून देखिन्छ।

चाखलाग्दो कुरा के छ भने अधिकांश डेङ्गी सङ्क्रमितहरू लक्षण लिएर घरघरमा बसिरहेका वा कार्यक्षेत्रमा निरन्तर खटिरहेका देखिन्छन्। अझ भनौं धेरै मानिस 'वाकिङ डेङ्गी'को अवस्थामा रहेको देखिन्छन्। 'वाकिङ डेङ्गी' भन्नाले डेङ्गी सङ्क्रमित भएर पनि आफ्नो दैनिकीलाई निरन्तरता दिइरहेको अवस्था हो। चाडपर्वमा मान्छेहरू यसको लक्षणलाई नजरअन्दाज गर्दै आउजाउ, भेटघाट गरिरहेका छन्। किनभने डेङ्गीको सामान्य लक्षण आम समस्यासँग मिल्दोजुल्दो हुन्छ। यस्तो अवस्थामा मान्छेहरू सामान्य समस्या ठानेर आफूखुशी औषधिसमेत खाँदै हिंडडुल गरिरहेका हुन्छन्। समस्या जटिल नबनेसम्म अस्पताल पुग्दैनन्।

अधिकांशलाई डेङ्गीको लक्षण देखिएको ८–१० दिनमा स्वास्थ्य सुधारोन्मुख देखिन्छ भने केहीमा डेङ्गीले जटिल अवस्था सिर्जना गर्न सक्दछ। तसर्थ 'जटिल डेङ्गी' का पूर्वसङ्केत सङ्क्रमितले थाहा पाउन अति आवश्यक छ र सो देखिए तुरुन्त चिकित्सकसँग सम्पर्क गर्नुपर्छ। हाल डेङ्गी सङ्क्रमणको लहर रोक्न विभिन्न कारणले गर्दा चुनौती रहेको भए पनि 'जटिल डेङ्गी' का पूर्वसङ्केतलाई ध्यान दिन सक्ने हो भने डेङ्गीबाट हुन सक्ने मृत्युदर उल्लेखनीय सङ्ख्यामा कम गर्न सकिन्छ। हालसम्म रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा सामाजिक सञ्जालहरूमा डेङ्गी के हो, कसरी सर्छ र यसका लक्षणाबारे जानकारी दिने गरेको देखिए पनि अबको प्रचारप्रसार तथा जानकारीहरू 'जटिल डेङ्गी' का पूर्वसङ्केतबारे केन्द्रित हुनुपर्ने देखिन्छ। यसबाट डेङ्गीबाट हुने मृत्युदर उल्लेखनीयरूपमा कम गर्न सकिन्छ। यो नै अहिलेको प्रमुख आवश्यकता र सघन माग पनि हो।

–लेखक शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक हुन्। रासस

### मोटरसाइकल हराएको सूचना

वीरगंज महानगरपालिका वडा नं ९, रानीघाटस्थित निज निवासअगाडि पार्किङ गरिराखेको न्यू नारायणी इन्टरप्राइजेज, वीरगंज–८ को नाममा रहेको चेसिस नं MD2JPEXL3HC049866, इन्जिन नं M-937-04418, केटिएम ड्युक Dark Galuano Halt रङको बाग्मती प्रदेश ०२–०२३ प ८६२६ नम्बरको २५० सीसीको मोटरसाइकल मिति २०८१/०६/२२ गते साँझ करीब ७:३० बजे हराएको हुँदा मोनं ९८०२९००७७५ मा सूचना दिने महानुभावलाई उचित पुरस्कार दिइनेछ।

# भेडाहा र भलुवाही खोलाबाट सातवटा ट्याक्टर नियन्त्रण

प्रमोद यादव, पंचगावाँ, २९ असोज/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापा नेतृत्वको टोलीले पर्साको भेडाहा खोलाबाट नम्बर नखुलेका चारवटा गिट्टी, बालुवा लोड रहेको ट्याक्टर सोमवार राति नियन्त्रणमा लिएको छ।



यसैगरी, इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीको टोलीले नै सूचनाको आधारमा पटेर्वासुगौली गापाको भलुवाही खोलाबाट अवैधरूपमा गिट्टी, बालुवा उत्खनन गरी ओसारपोसार गर्दै गरेको अवस्थामा तीनवटा ट्याक्टर नियन्त्रणमा लिएको छ।

प्रहरी टोलीले पटेर्वासुगौली गापा-२ बाट ना.७त १३३४, वडा नं १ बाट नम्बर नखुलेको, वडा नं ४ बाट ना.६त १६७४ र पर्सागढी नपा-२ को सिङ्गाही खोलाबाट ना.४त ७३८५ नम्बरका ट्याक्टर नियन्त्रणमा लिएको छ। ट्याक्टरमा खोलाबाट अवैधरूपमा उत्खनन गरी निकालिएको बालुवा र ढुङ्गा रहेका प्रहरीले जनाएको छ। उनले नम्बर खुलेका तीनवटा ट्याक्टर सम्बन्धित पालिकाहरूमा पठाएको र नम्बर नखुलेका चारवटा ट्याक्टर जिल्ला समन्वय समितिको कार्यालय, वीरगंज पठाइएको इप्रका, पटेर्वासुगौलीका प्रनि थापाले बताए।



## मोबाइलको लतबाट बालबालिकालाई बचाऔं

**मोबाइलको लतबाट:**

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटकपटक ब्यूँझने समस्या हुन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणालीसम्बन्धी समस्या आउन सक्छ,
- मोबाइलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्नेलगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाइल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाइलले बालबालिकाको मस्तिष्क विकासमा असर पुऱ्याउन सक्छ।

नेपाल सरकार
विज्ञापन बोर्ड







## लागूऔषधसहित एकजना पक्राउ

प्रस, रौतहट, २९ असोज/

जिल्ला प्रहरी कार्यालय, रौतहटले लागूऔषधसहित एकजना युवकलाई पक्राउ गरेको छ।

अस्थायी प्रहरी पोस्ट बसपार्क गौरबाट खटिएको टोलीले चेकजाँच गर्ने क्रममा गौर नगरपालिका-८ बसपार्क क्षेत्रबाट चन्द्रपुर नगरपालिका-४ बस्ने २६ वर्षीय मनोज राईलाई लागूऔषधसहित पक्राउ गरेको हो। निज राईले दुवै खुट्टामा प्लास्टिकको टेपले बाँधेर लैजान लागेको अवस्थामा डाइजेपाम, प्रोमेथाजाइन र बुप्रोनाइफाइन ३०/३० एम्पुल बरामद भएको बताएको छ। निज राईमाथि लागूऔषधसम्बन्धी मुद्दा दायर गरिएको जिप्रका, रौतहटले जनाएको छ।

## पेस्तोलसहित एकजना पक्राउ

प्रस, रौतहट, २९ असोज/

इलाका प्रहरी कार्यालय, देवाहीगोनाहीले पेस्तोलसहित एकजनालाई पक्राउ गरेको छ। देवाहीगोनाही नगरपालिका-६ कर्कचस्थित दुर्गा मेला लागेको स्थानबाट ५६ वर्षीय भोलाराय यादवलाई पक्राउ गरिएको रौतहट प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपककुमार रायले बताए। पेस्तोल, म्यागिजन, चार राउन्ड गोली र सर्टगनको दुई राउन्ड गोली बरामद भएको प्रवक्ता रायले बताए।

## पटका नष्ट

प्रस, सिम्रौनगढ, २९ असोज/

आउँदो दीपावलीलाई लक्षित गरेर भारतबाट भित्र्याइएको करीब तीन लाख मूल्यको पटका सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर नष्ट गरेको छ। सशस्त्र प्रहरी गोलागंजका सशस्त्र प्रहरी निरीक्षक केशव शर्मा नेतृत्वको टोलीले कचोर्वा र अरुवा पुलनजीकबाट सो पटका नियन्त्रणमा लिएको थियो। सशस्त्र गस्ती टोलीलाई हेरेर भरियाहरू पटका छाडेर फरार भएका र सो पटका नियन्त्रणमा लिएर खाल्डो खनेर नष्ट पारिएको सशस्त्र प्रहरी गोलागंजले जनाएको छ।

वडाध्यक्ष नन्दकिशोर जैसवाल, उवासङ्घ सिम्रौनगढका रामकिशोर सिंह, अरुण पाण्डे, इप्रका सिम्रौनगढका सुजित कुमारलगायतको रोहबरमा पटका नष्ट गरिएको थियो।

### सिम्रौनगढ ...

सहभागीहरूले नगर सुधारका लागि नगरवासीहरूको भेला गरेर सक्रियता देखाउनुपर्ने आवश्यकतामा जोड दिए।

गगनदेवप्रसाद कुशवाहाको अध्यक्षतामा भएको गोष्ठीमा मोहन अग्रहरी, रामेश्वर मेहता, विजय ठाकुर, सजावल प्रसाद, जगदीश महतो, गगनदेव साह, किशुन राय, विनोद रामलगायतले विचार व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण हरेन्द्र यादवले गरेका थिए।

# खेलकूदको संसार

## साफ च्याम्पियनशिप फूटबल प्रतियोगिताको तयारी पूरा

काठमाडौं, २९ असोज/रासस

नेपालमा आयोजना हुने दक्षिण एशियाली फूटबल महासङ्घ (साफ) महिला च्याम्पियनशिप फूटबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले जनाएको छ।

आगामी कात्तिक १ देखि १४ गतेसम्म दशरथ रङ्गशालामा आयोजना हुने उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको एन्फा प्रवक्ता सुरेश शाहले मङ्गलवार पत्रकार सम्मेलनमा जानकारी दिए।

प्रतियोगितामा आयोजक नेपालसहित भारत, माल्दिभ्स, पाकिस्तान, श्रीलङ्का, भुटान र बङ्गलादेश सहभागी छन्। उक्त प्रतियोगिताको लागि पाकिस्तान, माल्दिभ्स र बङ्गलादेशको टोली नेपाल आइसकेका छन् भने भारत र भुटानको टोली भोलि काठमाडौं आइपुग्ने एन्फाले जनाएको छ।

सहभागी टोलीलाई एन्फा कम्प्लेक्सको खेलमैदान, नेपाली सेनाको भद्रकाली र लगनखेल खेलमैदान र सेन्ट जेभियर्सको खेलमैदानमा प्रशिक्षण गर्ने व्यवस्था गरिएको एन्फा प्रवक्ता शाहले जानकारी दिए।

उक्त प्रतियोगिताको टिकेटिङ अधिकार भने माउन्ट एभरेस्ट स्पोर्ट्स एन्ड इभेन्ट्सलाई प्रदान गरिएको छ। प्रतियोगिताको समूह चरणका खेलको टिकट दर साधारण प्याराफिटतर्फ रु तीन सय र भिआइपीतर्फ रु पाँच सय तोकिएको छ। त्यस्तै, नकआउट चरणका खेलहरूको टिकट दर साधारण प्याराफिटतर्फ रु पाँच सय र भिआइपीतर्फ रु एक हजार कायम गरिएको छ।

यसैगरी, प्रतियोगिताका खेल हेर्न १० वर्षसम्मका सबै बालबालिकालाई निश्शुल्क प्रवेश दिइने एन्फाले जनाएको छ।

# निजगढ नगरपालिकाको खोलाको ठेक्का लाग्यो




निजगढ नगरपालिका कार्यालय र ठेक्का लगाएको खोला। तस्वीरः प्रतीक

जीतलाल श्रेष्ठ, निजगढ, २८ असोज/

निजगढ नगरपालिकाले लगाएको खोलाको ठेक्का भ्याटसहित ११ करोड ७९ लाख ३४ हजार ३३२ रुपियाँ ५८ पैसामा सकार भएको निजगढ नगरपालिकाले जनाएको छ।

यस आर्थिक वर्षका लागि नगर पालिकाले रु १,०३,७६,७३०.०० घनफिट नदीजन्य पदार्थको न्यूनतम ठेक्का सकार रकम भ्याटसहित रु ९,३८,०५,६३९ रुपियाँ तोकिएको थियो। नगरपालिकाले बकैया, भक्तलाल र शक्ति खोलाको ठेक्का आह्वान गरेको थियो।

नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपसारको ठेक्का बन्दोबस्तीका लागि निजगढ नगरपालिकाले इ-बिडिङ अर्थात् विद्युतीय बोलपत्र आह्वान गरेको थियो। इ-बिडिङ प्रक्रियामा एउटा ठेकेदार कम्पनीले आवश्यक कागजात पूरा गरी टेन्डर भरेको छ भने ठेक्का सम्झौता गर्न सकिने कानूनी आधार रहेको निजगढ नगरपालिका लेखा शाखाले जनाएको छ।

# भदौमा उपभोक्ता मुद्रास्फीति चार प्रतिशतले कमी

काठमाडौं, २९ असोज/रासस

चालू आर्थिक वर्षको भदौमा उपभोक्ता मुद्रास्फीति तीन दशमलव ८५ प्रतिशत कायम भएको छ। नेपाल राष्ट्र बैंकले मङ्गलवार सार्वजनिक गरेको चालू आवको दोस्रो महीनाको तथ्याङ्क अनुसार वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीतिमा कमी आएको हो।

अघिल्लो वर्षको सोही महीनामा यस्तो मुद्रास्फीति आठ दशमलव १९ प्रतिशत रहेको थियो। समीक्षा महीनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति पाँच दशमलव ०३ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव १९ प्रतिशत रहेका छन्। अघिल्लो वर्ष सोही अवधिमा यी समूहहरूको मुद्रास्फीति क्रमशः नौ दशमलव ७७ प्रतिशत, सात दशमलव १९ प्रतिशतले वृद्धि भएका थिए।

समीक्षा मीहनामा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत दाल तथा गेडागुडी उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १० दशमलव ८० प्रतिशत, तरकारीको नौ दशमलव ८४ प्रतिशत, खाद्य पदार्थको नौ दशमलव ३० प्रतिशत र फलफूलको चार दशमलव ९४ प्रतिशतले बढेका छन्। मरमसला उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क दुई दशमलव ६९ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ।

त्यसैगरी, गैरखाद्य तथा सेवा समूह अन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क आठ दशमलव ७१ प्रतिशत, मदिराजन्य पेय पदार्थको छ दशमलव ७६ प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको छ दशमलव ०८ प्रतिशत र घरायसी उपकरणको चार दशमलव ८८ प्रतिशतले बढेका छन् भने बीमा तथा वित्तीय सेवा उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्कमा परिवर्तन भएको छैन। समीक्षा महीनामा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क चार दशमलव ०४ प्रतिशतले बढेको छ भने शहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क तीन दशमलव ७८ प्रतिशतले बढेको छ।

प्रदेशगतरूपमा समीक्षा महीनामा कोशी प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ६६ प्रतिशत, मधेस प्रदेशको तीन दशमलव ८२ प्रतिशत, बाग्मती प्रदेशको तीन दशमलव २९ प्रतिशत, गण्डकी प्रदेशको तीन दशमलव ५० प्रतिशत, लुम्बिनी प्रदेशको तीन दशमलव ५३ प्रतिशत, कर्णाली प्रदेशको तीन दशमलव ५६ प्रतिशत र सुदूरपश्चिम प्रदेशको पाँच दशमलव ९० प्रतिशत रहेको तथ्याङ्कले देखाएको छ।

समीक्षा महीनामा काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति तीन दशमलव ४९ प्रतिशत, तराईको चार दशमलव ०९ प्रतिशत, पहाडको तीन दशमलव ६१ प्रतिशत र हिमालको चार दशमलव १९ प्रतिशत रहेका छन्। गत वर्षको भदौमा उक्त

(बाँकी तेस्रो पातामा)



**टनेलमा तरकारीका साथै धानबाली:** काठमाडौं टोखामा किसानले गरेको तरकारीखेतीका टनेल र आसपासमा पाक्दै गरेको धानबाली। तस्बिरः हरिराम भेटुवाल/रासस